म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २१३ २०८० असार १३ गते बुधबार 28 June 2023, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-

**पखालाबाट बचौं र बचाऔं ।**
**पखाला लाग्न नदिन,**

- खुलास्थानमा शौच नगरौं, शौचालयको प्रयोग गरौं ।
- शौचालयको प्रयोगपश्चात र फोहोर चिज छोएपछि साबुपानीले मिचिमिची हात धुने गरौं ।
- खाना बनाउनु, खुवाउनु र खानु अघि पनि साबुनपानीले हात धुने गरौं ।
- उमालेको र फिल्टर गरेको शुद्ध र सफा पानीमात्र पिउने गरौं ।
- बासी, सडेगलेका र झिंगा भन्किएका खानेकुरा नखाऔं ।
- खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
- घरका कोठा, आँगन, कौशी, बरण्डा, भान्सा, शौचालय एवं घर वरिपरी सफा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सांसदहरुको अवरोधपछि बागमती प्रदेशसभा स्थगित



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशसभाको मंगलबारको बैठक विपक्षी दलका सांसदहरुको अवरोधपछि स्थगित भएको छ । बैठकमा आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तुत बजेटमाथि छलफल हुने भनिए पनि कुनै छलफल हुन सकेन ।

मंगलबार दिउँसो १ बजेका लागि बोलाइएको प्रदेशसभा बैठक करिब २ घण्टा ३० मिनेटपछि सुरु भएको थियो । बैठकमा प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले आर्थिक मामिला तथा योजनामन्त्री बहादुर सिंह लामालाई वक्तव्यसहित आर्थिक वर्ष २०८०/०८१ राजस्व र व्ययको वार्षिक अनुमानिक बजेटमाथि सभामा छलफल गर्न अनुमति दिनुभएको थियो । लगत्तै नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरुले उठेर बिरोध जनाउँदै बैठक अवरोध गरेका थिए । बिरोधका बीच अर्थमन्त्री लामाले आफ्नो प्रस्तुति पेश गर्नुभयो ।

बैठक चल्ने अवस्था नभएपछि सभामुख पाठकले प्रमुख प्रतिपक्षी दलको नेता जगन्नाथ थपलियालाई समय दिएर बोल्न दिनुभएको थियो । नेता थपलियाले प्रदेश सरकारले प्रस्तुत गरेको आगामी आर्थिक वर्षको बजेटप्रति आफूहरुले गम्भीर मोडमा छलफल गरिरहेको बताउनुभयो । आफूहरुको आशा र विश्वासविपरित बागमती प्रदेशको बजेट आएको आरोप लगाउनुभयो । प्रदेशको बजेट सन्तुलित, समाजवादउन्मुख विभिन्न खुट्किलाहरुलाई पार गर्दै गरिब, दुःखी जनताको पक्षमा, किसान, मजदुर, युवा, बेराजगारको पक्षमा आउँछ भन्ने विश्वास गरेकोमा उल्टो आएको उहाँले बताउनुभयो ।

यो कुरा सरकारलाई पनि भनिएको र पटकपटक नीति तथा कार्यक्रमका लागि सुझावसमेत दिएको भए पनि कुनै अर्थ नभएको उहाँले बताउनुभयो । अहिलेको बजेटले कतै पनि र कसैलाई सम्बोधन नगरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो– 'सरकार के खाएर निदाएको हो थाहा छैन, सधैंभरि हुन्छ हुन्छमा मात्र रह्यो । पटकपटक घच्घच्यायौं, कहिल्यै सुन्न चाहेन, अन्तिम दिनसम्म पनि सन्तुतिल बजेट ल्याउ, दिगो विकासलाई जोडेर ल्याउ, भनेको तर बजेटले केही सम्बोधन गरेन ।' उहाँले नीति तथा कार्यक्रम खाली आएको बताउनुभयो । अहिलेको बजेट प्रदेश सिस्टमलाई प्रहार गर्ने हिसाबले आएको उहाँको भनाई छ ।

उहाँले सभामा कुनै अवरोध गर्नु नपर्नेगरी बजेट आउनुपर्ने भएपनि त्यो हुन नसकेको बताउनुभयो । विगतलाई दोष दिएर वर्तमानलाई बिगार्न नपाउने उहाँले चेतावनी दिनुभयो । अहिलेको बजेट लापरबाही र मनलाग्दी ढङ्गले ल्याएको उहाँले आरोप लगाउनुभयो । अहिलेको बजेट ३-४ वटा निर्वाचन क्षेत्रलाई ध्यान दिएर बनाइएको उहाँको भनाइ छ ।

प्रदेशको सिन्धुपाल्चोक, धादिङ र नुवाकोट जिल्लामा मात्र विकास बजेटको ७ अर्ब हाराहारीमा बजेट छुट्याएर अन्य जिल्लालाई हेला गरेको उहाँले बताउनुभयो । आफूले ती क्षेत्रमा विनियोजित बजेटको बिरोध गरेको नभई सोही क्षेत्रअनुरुप अन्य क्षेत्रमा किन विनियोजन भएन भनेर प्रश्न गरेको बताउनुभयो । बजेट सन्तुतिल हुनुपर्ने बताउनुहुँदै उहाँले लापरबाही तरिकाले वडा नै नभएको स्थानीय तहमा बजेट विनियोजन गरेको बताउनुभयो ।

नेता थपलियाले प्रदेश सरकारले अहिले मदन भण्डारी स्वास्थ विज्ञान प्रतिष्ठानलाई ध्वस्त बनाउन खोजेको बताउनुभयो । प्रदेश सरकारले बजेट कटौती गरेर जनताको स्वास्थ्यमाथि खेलवाड गर्न खोजिएको उहाँले आरोप लगाउनुभयो । कर्मचारीलाई जागिरबाट निकालेर अस्पतालको सेवामा प्रभाव पार्न खोजिएको उहाँले बताउनुभयो ।

गठबन्धनका नेता र मन्त्रीहरुको निजी जग्गा प्लटिङ गर्न र सुधार गर्न ५० लाखसहितको तटबन्धन कार्यक्रम राखिएको छ भन्ने आफूले सुन्नमा आएको बताउनुहुँदै उहाँले जनताको घरजग्गा जोगाउने र बाढी नियन्त्रण गर्ने कुरामा ५ लाखसम्म सानो आकारको बजेट ल्याएको बताउनुभयो । अहिले १० अर्बभन्दा स–साना योजना केका लागि ल्याएको भन्दै उहाँले प्रश्न गर्नुभयो । टेन्डर प्रथा भए विश्वास गर्न सकिने तर त्यो नभएकाले यसले कार्यकर्तालाई पोषणका लागि ल्याएको भन्ने बुझिने उहाँले बताउनुभयो । अघिल्लो सरकारले ल्याएको विद्युतीय बस सञ्चालन र सुरुङमार्गजस्ता जनमैत्री, वर्गीय र प्रदेश गौरवको योजनालाई अहिले केही सम्बोधन नगरेको उहाँले बताउनुभयो ।

नेता थपलियाले आफ्नो भनाई राखेपछि सभामुख पाठकले आगामी आर्थिक वर्षको प्रस्तुत बजेटमाथि छलफल गर्न निर्देशन दिनुभएको थियो । तर फेरि एमाले र राप्रपाका सांसदहरुले सभा चल्न दिएनन् ।

### ११ बुंदे घोषणापत्र जारी गर्दै सकियो प्रदेश युवा सम्मेलन

## युवामार्फत समृद्ध बागमती प्रदेश बनाउँछौंः मुख्यमन्त्री जम्कट्टेल



*मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई हेटौंडा घोषणापत्र-२०८० हस्तान्तरण गर्नुहुँदै परिषद्का कार्यकारी उपाध्यक्ष चौलागाई ।*

समाज संवाददाता

हेटौंडाः ११ बुँदे घोषणापत्र जारी गर्दै बागमती प्रदेश प्रथम युवा सम्मेलन-२०८० मंगलबार हेटौंडामा सम्पन्न भएको छ । प्रदेशका १३ वटै जिल्लाबाट १ सय ५० प्रतिनिधि युवाको सहभागितामा बागमती प्रदेश युवा परिषद्को आयोजनामा सम्मेलन भएको हो । सम्मेलनको समापनका अवसरमा ११ बुँदे हेटौंडा घोषणापत्र जारी गरिएको छ । युवालाई ज्ञान, सीप र दक्षतायुक्त बनाउन परिषद्को अग्रसरतामा प्रथम युवा सम्मेलन आयोजना गरिएको उल्लेख गर्नुहुँदै परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले ११ बुँदे घोषणापत्र जारी गर्नुहुँदै मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई घोषणापत्र बुझाउनुभएको छ ।

घोषणापत्र बुझ्नु हुँदै मुख्यमन्त्री जम्कट्टेलले युवामार्फत समृद्ध बागमती प्रदेश निर्माण गर्ने बताउनुभयो । घोषणापत्रमा उल्लेख भएका विषयहरु प्रदेश सरकारको नीतिमा समावेश गरी आवश्यक योजना ल्याउने प्रतिवद्धता पनि मुख्यमन्त्री जम्कट्टेलले गर्नुभएको छ । "हामी युवालाई सीपयुक्त बनाउँदै समृद्ध नेपाल बनाउन सकिन्छ भन्नेमा विश्वस्त छौं", मुख्यमन्त्री जम्कट्टेलले भन्नुभयो, "हामीले युवा र खेलकुदलाई महत्व दिएका छौं । हामी उपयुक्त संरचना खडा गरेर काम गर्नेछौं । नयाँ ढंगले युवा र खेलकुदलाई परिचालन गर्नेछौं ।"

सम्मेलनको समापन समारोहलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशको सामाजिक विकास मन्त्री कुमारी मुक्तानले प्रथम बागमती प्रदेश युवा सम्मेलन-२०८० ले जारी गरेको घोषणापत्रका बुँदालाई शत्प्रतिशत कार्यान्वयन गर्ने बताउनुभयो । आगामी आर्थिक वर्षको बजेट बनाउनु अघि नै सम्मेलन आयोजना गर्न पाएको भए अझ राम्रो हुने अपेक्षा गर्नुहुँदै मन्त्री मुक्तानले भन्नुभयो, "अहिले सम्पन्न भएको सम्मेलनबाट प्राप्त युवाका सल्लाह, सुझाव राम्रा आएको छ । हामी यसलाई शत्प्रतिशत कार्यान्वयन गर्नेछौं ।" न्यून बजेटका बाबजुद पनि राम्रा कार्यक्रम गर्न सकिन्छ भन्ने उदाहरण प्रथम प्रदेश युवा सम्मेलनले पुष्टि गरेको उल्लेख गर्नुहुँदै मन्त्री मुक्तानले प्रदेश युवा परिषद्ले प्रभावकारी कार्यक्रम सञ्चालन गर्दै आएकोमा खुसी व्यक्त गर्नुभयो ।

कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव रामकृष्ण पुडासैनीले सम्मेलनमा महत्वपूर्ण सवाल उठान भएको बताउनुभयो । युवालक्षित सीप विकासका कार्यक्रम, युवाका लागि परामर्श सेवा र प्रविधि हस्तान्तरणमा मन्त्रालयले आवश्यक सहजीकरण गरिरहेको उहाँको भनाइ थियो । सोमबार र मंगलबार दुई दिन आयोजित सम्मेलनमा उद्यमशीलता र व्यापार, सामाजिक र सार्वजनिक जीवनमा युवाको सहभागिता, देश विकासमा युवाको भूमिका, व्यवसाय सुरुवातसम्बन्धी अवधारणा र सामाजिक सञ्जालको सदुपयोग एवम् चुनौतिका विषयमा ५ वटा सत्रमा प्रसतुती तथा अन्तरक्रिया भएको थियो ।

सम्मेलनका पाँचवटै सत्रमा सम्बन्धित क्षेत्रका विज्ञ व्यक्तित्वले प्रस्तुती राखेका थिए । युवाको उत्साहजनक सहभागितामा सम्पन्न भएको अधिवेशनको समापनको अवसरमा प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईले आगामी वर्ष अझ वृहत् र प्रभावकारी सम्मेलनको आयोजना गर्ने घोषणा गर्नुभयो । पहिलो पटक आयोजना गरिएको सम्मेलनले युवालाई उद्यमशीलता, व्यक्तित्व विकास र सामाजिक एवम् सार्वजनिक जीवनमा आफ्नो भूमिकाका बारेमा जिम्मेवार हुन प्रेरित गर्ने दावीसहित उहाँले अर्को वर्षको युवा सम्मेलनमा सहभागी युवाले लगत्तै उत्पादन, व्यवसायको सुरुवात गर्ने गरी प्रेरणात्मक कार्यक्रम गर्ने बताउनुभयो ।

सम्मेलनको समापनको अवसरमा परिषद्ले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका ५ जना युवालाई पुरस्कृत गरेको छ । बहिरा कलाकार काठमाडौंकी सुजल बम, भाषा, संस्कृति र साहित्य क्षेत्रका मकवानपुरको थाहा नगरपालिका बिर्खे अन्जान, नवप्रवर्तनतर्फ चितवनका अभय परियार, उद्यमतर्फ ललितपुरको आमा-छोरी अचार उद्योग र सामाजिक सेवाको क्षेत्रमा ललितपुरकी अंशु कार्कीलाई सम्मान गरेको छ । सबैलाई जनही २५ हजार रुपैयाँसहित सम्मापनपत्र प्रदान गरिएको थियो ।

## हेटौंडा अस्पतालमा मिगौंला प्रत्यारोपण गरिने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा रहेको हेटौंडा अस्पतालमा ६ महिनाभित्र मिर्गौला प्रत्यारोपण सेवा सुरु हुने भएको छ । हेटौंडा अस्पतालले शहीद धर्मभक्त प्रत्यारोपण केन्द्र भक्तपुरको सहयोगमा मिर्गौला प्रत्यारोपण सेवा सुरु गर्न लागेको अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. रामचन्द्र सापकोटाले जानकारी दिनुभयो ।

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र भक्तपुरको सहकार्यमा हेल्थपाटी डटकमले आयोजना गरेको अंगदान र प्रत्यारोपणसम्बन्धी अन्तरक्रिया कार्यक्रममा मेसु सापकोटाले उक्त जानकारी दिनुभएको हो । उहाँले प्रत्यारोपण सेवा सुरु गर्न अहिले अस्पतालमा पूर्वाधार निर्माणको साथै आवश्यक उपकरण खरिद गरी प्रत्यारोपण सेवा विस्तारको जग बसाउने काम भएको बताउनुभयो ।

चालु आर्थिक वर्षको प्रदेश सरकारले हेटौंडा अस्पताललाई प्रत्यारोपण सेवा सुरु गर्न अनुदानस्वरुप ९ करोड रुपैयाँ दिएको थियो । सो रकम उपकरण खरिद र पूर्वाधार विकासमा खर्च गरी प्रत्यारोपण सेवा सुरु गर्न तयारी अवस्थामा रहेको मेसु सापकोटाको भनाइ छ । उहाँले आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटमा पनि प्रत्यारोपण सेवा शीर्षकमा ४ करोड रुपैयाँ विनियोजन भएको बताउनुभयो ।

३ वर्ष अघिदेखि हेटौंडा अस्पतालमा डाइलाइसिस सेवा सुरु गरेको बताउँदै उहाँले अहिले पनि महिनामा करिब ५० जना मिर्गौलाका बिरामी डाइलाइसिसका लागि पालो कुर्नुपर्ने बाध्यता रहेको बताउनुभयो । डाइलाइसिसको बिरामीको तुलनामा अझै १५ वटा डाइलाइसिस मेशिन थप गर्नुपर्ने आवश्यक रहेको बताउनुभयो ।

सोही कार्यक्रममा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकूलपति




प्रा.डा. विश्वराज जोशीले हेटौंडामा प्रत्यारोपण सेवा सुरुमात्र होइन, त्यसलाई निरन्तरता दिने गरी काम भइरहेको बताउनुभयो । उहाँले प्रत्यारोपण सेवालाई निरन्तरता दिन पूर्वाधार विकास, जनशक्ति व्यवस्थापनको विषयमा तयारी भइरहेको जानकारी दिनुभयो । हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्वामित्वमा रहने गरी सञ्चालन गर्ने निर्णय भइसकेको छ ।

कार्यक्रममा प्रमुख अतिथिसमेत रहनुभएकी हेटौंडा उपमहानगरपालिका मेयर मीनाकुमारी लामाले अंगदानको विषयमा जनचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो । खेर जाने अंगको दान गर्न सके अन्य व्यक्तिले पुनर्जीवन पाउने बताउँदै आफू अंगदान गर्नुपर्छ भन्ने चेतनामूलक कार्यक्रममा आफूले सधैं सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । आफूले सधैं स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेको भन्दै मेयर लामाले हेटौंडालाई स्वास्थ्यको हब बनाउन लागिपर्ने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा निमित्त प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले अंगदानबारे जनचेतना फैलाउनु नै अहिलेको प्रमुख आवश्यकता रहेको बताउनुभयो । अंगदान सम्बन्धमा बिरामी तथा परिवारलाई 'कन्भिन्स' गराउने काममा सबैको भूमिका बराबर रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा प्रहरी उपरीक्षक बामदेव गौतमले दुर्घटनाका केसमा आफूहरुले जतिसक्दो छिटो घाइतेलाई अस्पताल पुऱ्याउनेतर्फ लाग्ने गरेको बताउनुभयो । सडक दुर्घटनामा घाइते भएका व्यक्तिहरुमा मस्तिष्क मृत्युको जोखिम उच्च रहने सन्दर्भमा उहाँले जतिसक्दो छिटो घाइतेलाई अस्पताल पुऱ्याइने बताउनुभएको हो ।

कार्यक्रममा बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका अधिकारी दीपक तिवारीले बागमती प्रदेशमा विशिष्टीकृत सेवातर्फ केन्द्रित रहनेगरी काम भइरहेको बताउनुभयो । उहाँले बागमती प्रदेशको १३ वटै जिल्ला अस्पतालमा ब्रेनडेथको कार्यक्रम लागू गर्न सकिने बताउनुभयो । हेटौंडा र भक्तपुर अस्पताललाई २ सय बेडको बनाउने तयारी गरी जनशक्ति दरबन्दी स्वीकृतिका लागि सरकारलाई पठाएको उहाँले बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय प्रत्यारोपण

...बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# अनलाइन र बालविवाह

मकवानपुर जिल्लामा पछिल्लो समय बालविवाहका घटना उल्लेख्य हुने गरेको छ । बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा तथा घोषणाको तयारी भइरहँदा बालविवाह अन्त्य हुन नसक्नु लज्जाको विषय बनिरहेको छ । जिल्लाका ३ वटा स्थानीय तहहरु बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा भइसकेका छन् । हेटौंडा उपमहानगरपालिकालाई पनि आगामी मंसिरसम्म बालमैत्री शासनयुक्त पालिका घोषणा गर्नेगरी कार्यक्रमहरु भइरहेका छन् । जिल्लाका अन्य पालिकाहरुले पनि बालमैत्री घोषणाको तयारी गरिरहेका छन् । यति हुँदाहुँदै पनि समुदायमा बालविवाह कम हुन नसक्नुले चुनौती बढाएको छ । विगतमा अभिभावकमा चेतनाको कमीले अभिभावककै करकापबाट बालविवाह हुने गरेको भए पनि पछिल्लो समय बालबालिकाकै अपरिपक्व निर्णयबाट अधिकांश बालविवाह भइरहेको छ । इन्टरनेटको बढ्दो पहुँच र प्रयोगले बालविवाहमात्र नभई बालबालिकामाथि हुने आपराधिक घटनासमेत बढ्दै गएको छ । यसले अनलाइन बाल संरक्षणलाई चुनौतीपूर्ण बनाएको छ । मोबाइल फोन र सामाजिक सञ्जालमा बालबालिकाको सहज पहुँच बन्दै जाँदा कम उमेरमै उनीहरुबीच प्रेम सम्बन्ध हुने र त्यसले बालविवाह बढाउने अवस्थालाई थप चुनौतीपूर्ण मान्न थालिएको छ ।

चालु आर्थिक वर्षको हालसम्म बाल हेल्पलाइन मकवानपुरमा ४४ वटा बालविवाहको घटना दर्ता भएको छ । ११ बालक र ३३ बालिका गरी ४४ वटा बालविवाहको घटना दर्ता भएको बाल हेल्पलाइनको तथ्यांक छ । सामाजिक सञ्जालमा सहजै अन्जान व्यक्तिसँग नजिक हुन पुग्दा बालविवाहका घटना बढिरहेको पाइएको छ । बाल हेल्पलाइन मकवानपुरले सोमबार आयोजना गरेको अनलाइन बाल संरक्षणसम्बन्धी अभिमुखीकरणका क्रममा सहभागीहरुले अनलाइनको पहुँच र प्रयोग बढ्दै जाँदा बालविवाहसहित बाल संरक्षणको क्षेत्र चुनौतीपूर्ण बनेको बताएका हुन् । सन् २०२० मा सातै प्रदेशमा अनलाइन बाल संरक्षण विषयमा गरिएको सर्वेक्षणले बालबालिका बढी अनलाइन जोखिममा रहेको देखाएको छ । हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको तयारी भइरहेको अवस्थामा अनलाइन बाल संरक्षणबारे चनाखो हुनुपर्ने बताइएको छ ।

नेपाल प्रहरीको साइबर ब्यूरोमा दर्ता भएका घटनामध्ये ९९ प्रतिशत साइबर अपराधका घटना हुने गरेको तथ्यांक छ । बालबालिकामात्र नभई ठूला मानिसहरु पनि सुरक्षित तबरले अनलाइनमा नरहँदा जोखिम हुनसक्छ । सामाजिक सञ्जाललाई कसरी सुरक्षित प्रयोग गर्ने भन्ने सामान्य सचेतना नअपनाउँदा ठूलो जोखिममा पर्नसक्ने अवस्था आउन सक्छ । आज हातहातमा भएको मोबाइल फोन र इन्टरनेट कनेक्टिभिटीबाट हाम्रा कामलाई धेरै सहज बनाएको भए पनि यसले विकराल समस्यासमेत ल्याइरहेको छ । तोतेबोली नफुटेको बालबालिकादेखि वृद्धवृद्धासम्म सबैलाई मोबाइल र इन्टरनेट अत्यावश्यकजस्तै भएको छ । अनलाइन र सामाजिक सञ्जालको लोकप्रियता र सहज पहुँचले जोकोही पनि यसको प्रयोगकर्ता बनिरहेका छन् । अनलाइनबाट हुने चिनजान, भेटघाट, कुराकानीले एकापसमा नजिक्याउँदै लगेको छ । अनलाइन र सामाजिक सञ्जाल चलाउने बालबालिकालाई प्रभावित पारेर उनीहरुलाई उपयोग गर्ने क्रम बढ्दै जानु चिन्ताको विषय भइरहेको छ ।

इन्टरनेट र यससँग सम्बन्धित विभिन्न सामाजिक सञ्जाल तथा गेमिङ कार्यहरुमा बढी समय बिताउँदा त्यसले शारीरिक र मानसिक समस्या ल्याउँछ नै । सामाजिक सञ्जालको माध्यमबाट बालबालिकालाई अनलाइन यौन शोषण गर्ने गरिएको पाइन्छ । बालबालिकाले आफूलाई कसरी सुरक्षित राख्ने र पीडित भएमा के गर्ने भन्ने जानकारी नहुँदा कतिपय समस्या बाहिर आउन सकेको छैन । सामाजिक सञ्जाल प्रयोग गर्ने बालबालिकालाई अनलाइन बाल संरक्षणबारे सचेतना दिनु आवश्यक छ । अभिभावकले पनि आफ्ना बालबालिकाले मोबाइल वा ल्यापटपमा के गर्दैछन् भन्ने निगरानी गर्नुपर्छ । अनलाइनबाटै चिनजान, कुराकानी र भेटघाट भएर बालविवाह बढ्दै गएको विभिन्न किसिमबाट बालबालिका शोषणमा परिरहेको सन्दर्भमा सम्बद्ध पक्षहरु सचेत बन्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार-व्यवसाय ठिकै रहने समय छ ।
**वृष** : धन-मान बढ्ने र काममा हौसला प्राप्त होला ।
**मिथुन** : अध्ययन-अध्यापनका कामहरु पुरा हुनेछन ।
**कर्कट** : पढाईलेखाईका कामहरु मध्यमकारक होलान् ।
**सिंह** : व्यापार-व्यवसाय मध्यमकारक रहने छ ।
**कन्या** : साझेदारी कामबाट लाभ प्राप्त हुनेछ ।
**तुला** : रोकिएका कामहरु बन्ने समय योग छ ।
**वृश्चिक** : व्यापार-व्यवसायका कामहरुबाट लाभ योग ।
**धनु** : घरायसी सुख र समस्याको बारेमा चिन्तन बढ्ला ।
**मकर** : प्रयास र मिहेनतबाछ लाभ प्राप्त हुने समय छ ।
**कुम्भ** : आर्थिक पक्ष सबल रहने समय योग देखिन्छ ।
**मीन** : महत्वकांक्षा र ईच्छाहरु पूर्ण हुने समय योग छ ।

# ‘लागू औषध दुर्व्यसन र तस्करी : सामान्य बिबेचना’ बिषयक कार्यपत्र

*लागू पदार्थ दुरुपयोग तथा अवैध तस्करी विरुद्धको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा गैरसरकारी संस्था महासंघ मकवानपुरद्धारा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्र*



✍ **अधिवक्ता ऋषि के.बी.**

**बिषयप्रवेशः**

लागू पदार्थ वा लागू औषध भन्नाले मानिसमा लत सिर्जना गरी दुर्व्यसनी तुल्याउने वस्तु वा पदार्थ बुझिन्छ ।

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ३ (क) ले “लागू औषध” भन्नालेः- (१) गाँजा, (२) औषधोपयोगी गाँजा, (३) अफीम, (४) तयारीको अफीम, (५) औषधोपयोगी अफीम, (६) कोकाको झार र पात, र (६क) अफीम तथा कोकाको सारतत्व, मिश्रण तथा लवणसमेत मिसाई तयार गरिएको कुनै पदार्थ । (७) नेपाल सरकारले समयसमयमा राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक तथा कृतिम लागू औषध मनोद्धिपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनका लवणहरु तथा अन्य पदार्थहरु समेत सम्झनु पर्छ । भनि उल्लेख छ ।

यसको दुर्व्यसनले व्यक्तिको मानसिक स्थिति तथा शारिरीक स्थितिमा परिवर्तन लेराई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हानि पुर्याउँछ परिवर्तन गर्दछ । लागू पदार्थको प्रयोगबाट निस्कने परिणाम निकै नै डरलाग्दो हुन्छ । यसले व्यक्ति स्वयम्लाई मात्र नभएर, परिवार, समाज, राष्ट्र र अन्तर्राष्ट्रियरुपमै खतरा पैदा गर्दछ।

लागू औषधको तस्करीको जालो त झन् निश्चित व्यक्ति वा समूदाय वा देश केन्द्रीत नभई अन्तर्राष्ट्रिय स्तरमा फैलिएको पाइन्छ ।

### लागू औषध दुर्व्यसनको अवस्था, चुनौति र समाधान

संयुक्त राष्ट्र संघिय संस्थाले गरेको एक अध्ययन अनुसार विश्वमा ३० करोड लागू औषध दुर्व्यसनी छन् । त्यसैगरी तीन खर्ब ३२ अर्ब डलर वार्षिक यसको कारोबार हुनेगर्छ। तथ्याङ्क अनुसार विश्वमा हतियार, लागू औषध र मानव तस्करी सबैभन्दा बढी कारोबार हुने शीर्ष तीनमा पर्छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा अनुमानित १९ करोड २० लाख व्यक्तिले गाँजाको सेवन गर्ने गर्दछन् । गाँजाको दुर्व्यसनीका कारण करिब ७१ प्रतिशत व्यक्तिले अकालमा ज्यान गुमाउने गरेका छन् । गाँजापछि धेरै प्रयोग हुने अफिम सबैभन्दा हानिकारक लागू औषधका रुपमा रहेको छ ।

नेपालमा पनि लागू औषधको कारोवार र प्रयोग सन् १९६० पश्चातको हिप्पी संस्कारपछि बढ्दै गएको पाइन्छ । नेपालको सन्दर्भमा बि.स. २०७९ को एक सरकारी तथ्याङ्क अनुसार एक लाख ३० हजारको हाराहारीमा नेपालमा कडा लागू पदार्थ सेवन गर्नेको सङ्ख्या रहेको र त्यसमध्ये सात प्रतिशत महिला छन् । प्रतिवर्ष ११ दशमलव ३६ प्रतिशतका दरले दुर्व्यसनीको सङ्ख्या बढ्दै गएको तथ्याङ्कले देखाएको छ। वास्तविक अवस्था अझ बढी हुन्छ ।

लागू पदार्थको दुर्व्यसनले मानिसको शारीरिक तथा मानसिक दुर्वलता निम्त्याउने, मस्तिष्क, मुटु र फोक्सोजस्ता संवेदनशील अङ्गहरूमा आघात पारी मानवीय स्वास्थ्यमा नै खराब असर पार्ने गर्छ । मानिसलाई आलस्यजनक, भ्रमात्मक, र उत्तेजक बनाउँदा जनशक्तिमा ह्रास आउनेमात्र नभइ हत्या, लुटपाट, चोरी, डकैती, वेश्यावृत्ति, आत्महत्या, ठगी, आदिजस्ता अपराधहरुमा बृद्धि गराउने गर्दछ । उर्जाशील युवा



जनशक्ति क्षय हुने कारणले निकै नै कहाली लाग्दो अवस्था सृजना गरेको छ ।

लागू औषधको बर्तमान कहालिलाग्दो अवस्था नियन्त्रण गर्न लागू औषध प्रयोगकर्ताको अवस्था निजको जैविक, सामाजिक, आर्थिक, शैक्षिक, मनोबैज्ञानिक पाटोहरुको अध्ययन, अनुसन्धानमा जोड दिँदै लागू औषध दुर्व्यसनलाई रोगको रुपमा स्विकार गर्दै उपचार तर्फ केन्द्रीत कार्ययोजनाहरु अगाडि बढाउन जरुरी छ ।

### लागू औषध तस्करी र नियन्त्रणमा चुनौति र समाधान

अफगानिस्तान, पाकिस्तान, सिरिया, इराक, यमन अफ्रिकाका देशहरू लिबिया, सुडान, सोमालिया, माली, कंगोमा भइरहेको गृहयुद्धमा अल काइदा, तालिवान, बोको हरामले आतंकवाद गतिविधिको लागि हातहतियार खरिद गर्न तेलबाहेकको आर्थिक स्रोतमा हेरोइनको व्यापार मुख्य आधार बनायो । पानामा र ाज्यका शासक पूर्व जनरल नोरिएगा लागू औषध अपराधमा संलग्न थिए । नेपालको सन्दर्भमा लागू औषध तस्करीमा प्रयोग हुने भरिया र सेवनकर्ताबाहेक कमै मात्रामा मुख्य तस्कर पक्राउ पर्ने र कानुनी दायरामा लेराई सजायको भागीदार बनाउने गरेको पाइन्छ । लागू औषध तस्करमा अवरोध हटाउन आर्थिक स्रोतको प्रयोग र राजनीतिक चलखेल गरी राज्य शासनमा आफ्नो अनुकूलको राजनीतिक नेतृत्व ल्याउन, सुरक्षा अधिकारीलाई रकम दिएर खरिद गर्ने, विरोधीहरूको हत्या जस्ता आतङ्ककारी गतिविधि जसलाई नार्कोटेर रिज्म भनिन्छ । नेपाल लागू औषधको ट्रान्जिट प्वाइन्ट रहेको आधारमा बिश्लेषण गर्ने हो भने नार्कोटेररिज्मबारे पुष्टी हुने आधार तत्काल नभएतापनि नार्कोटेररिज्मको ‘सेफ जोन’को रुपमा नेपाल प्रयोग भइरहेको हुनसक्ने स्थिति नकार्न सकिन्न । सिमित स्रोत साधनको आधारमा प्रहरी प्रशासनबाट भए गरेका काम कारवाही उल्लेख्य भएतापनि लागू पदार्थ तस्करी र दुर्व्यसन चुनौतिपूर्ण रहेको छ ।

दक्षिण अमेरिकाको एन्डियन देशहरू बोलिभिया, कोलम्बिया, पेरुमा उत्पादन हुने रिच, एलिट ड्रग देखि प्रहरीको लागू औषध कानुन कार्यान्वयन नियन्त्रण ब्युरोले काठमाडौंमा लागू औषध कोकिन र मनोदीपक पदार्थ एम्फेटामिन उत्पादन गर्ने प्रिकर्सर रासायन स्युडोएफिड्राइन ४९३ केजी छापा मारेर नेपाली तस्करबाट बरामद र पछिल्लो समय एल.एस.डी. लागू औषध भारीमात्रामा बरामद हुनुले लागू औषध तस्करी र दुर्व्यसनको नियन्त्रणको हिसाबले राज्य सरकार, प्रहरी प्रशासन र सरोकारवाला पक्षहरुमा ठुलो चुनौति थपिएको छ । लागू औषध नियन्त्रणको बिषयमा अब आँखा चिम्लिएर बस्न सकिन्न ।

लागू औषध (नियन्त्रण) ऐन, २०३३ मा स्पष्ट व्यवस्था हुँदाहुँदै हालसम्म यससम्बन्धी नियमावली पनि बनाइएको छैन । सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्धान्त प्रतिपादन र ब्याख्यामै भर पर्नुपर्ने स्थिति रहेको छ ।

गृह मन्त्रालय अन्तर्गत लागू औषध महाशाखाको स्थापना र एकजना सहसचिवलाई प्रमुख लागू औषध नियन्त्रण अधिकारी तोकिएको छ । तर पनि यसको सकृयता एवम् प्रभावकारिता ज्यादै कम देखिन्छ । प्रत्येक जिल्लाको प्रजिअहरूलाई लागू औषध नियन्त्रण अधिकारीसम्म तोकिएको छ । तर यसबाट मात्र लागु औषधजस्तो जटिल समस्या समाधानको पूर्ण अपेक्षा गर्न सकिँदैन । लागू औषध नियन्त्रण अधिकारीको रुपमा प्रजिअहरुलाई तोकिएको भए तापनि निजहरुले प्रहरीद्वारा तयारी गरिएको अनुसन्धान कागजमा सही गर्ने लागू औषध नष्ट गरेको मुचल्का प्रमाणित गर्ने कार्यमा भन्दा बढी सक्रियता देखाइएको पाइँदैन ।

प्रहरी प्रधान कार्यालयमा लागू औषध अनुसन्धानको लागि छुट्टै शाखा त छ । तर यो देशभरी शाखा विस्तार गर्न चुनौति रहेको छ । लागू औषधजस्ता गम्भीर समस्या समाधान गर्न अनुसन्धान, छानविन, परीक्षण, मुद्दा दायरसम्बन्धी विशेष व्यवस्था, लागू औषध परीक्षण गर्ने, विशेषज्ञ तयार पार्ने, लागू औषधसम्बन्धी अपराध अनुसन्धान गर्न छुट्टै निकाय खोल्ने, अनुसन्धान यन्त्रशाला, अलग्गै अदालतको ब्यवस्था, कानुनमा परिमार्जन, सरकारी र निजी सहकार्यमा पुनर्स्थापना तथा सुधार गृहहरुको स्थापना, सचेतना कार्यक्रहरुको निरन्तरता, जस्ता बिषयहरु लागू औषध दुर्व्यसन र तस्करी नियन्त्रणका सकारात्मक एवम् प्रभावकारी कार्य अविलम्बन गर्न जरुरी छ ।

यस बाहेक लागू औषधको तस्करी र कारोवार नियन्त्रण गर्न साङ्गठनिक रुपमा र ‘वाइट क्राइम एकटर’ को रुपमा रहेका ब्यक्तिहरुको पहिचान गरी जो कोही भएपनि उन्मुक्ति नदिई कानुनी दायरामा लेराई कडा भन्दा कडा सजायको ब्यवस्था गर्न आवश्यक पहल र कार्ययोजना लागू गर्न अति आवश्यक छ ।

### लागू औषध र मकवानपुर

मकवानपुर जिल्लाको सन्दर्भमा भन्ने हो भने मकवानपुर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को निषेध गरिएका कार्यहरु बिशेषतः लागू औषध गाँजाको उत्पादन, तयारी, बिक्री वितरण, सेवन लगायत निषेधित कार्यहरुमा शीर्ष स्थानमा रहेको देखिन्छ । बि.सं. २०६८ सालमा मकवानपुरमा ४ सय ८१ जना दुर्व्यसनी रहेको तथ्याङ्क प्रकाशित भएकोमा बि.स. २०७६ मा करिब १० हजार भन्दा बढी रहेको अनुमानित तथ्याङ्क बाहिरियो । जिल्ला प्रहरी कार्यालय, मकवानपुरको तथ्याङ्कमा लागू औषधमा गाँजा, चरेश, खैरो हेरोईन, अफीम, नाइंट्रूभेट ट्याब्लेट, डाईजोपाम, फेनारगन र नुफिन एम्पुल, कोरेक्स (बोतल) मकवानपुरको मुख्य लागू औषधमा पर्दछन् । उमेरगत समूहमा बिशेषगरी युवापुस्तामा पनि युवतीसमेत १५ वर्षदेखि २१ वर्षसम्मका युवाहरु लागू औषधको दुर्व्यसनमा फसेको पाइन्छ । यस्तै मकवानपुरमा पुरुषको दाँजोमा महिला दुर्व्यसनीको सङ्ख्या झण्डै दोब्बर ले बढेको तथ्याङ्कले देखाउदछ ।

आ.ब. २०७०/०७१ देखि आ.ब. २०७९/०८० को जेठ मसान्तसम्ममा जिल्ला प्रहरी कार्यालय, मकवानपुरको सकृयतामा मकवानपुर जिल्लामा जम्मा लागू औषध गाँजा ४०३९ बिगहा, ७० कठ्ठा, ३४ धुर र अफीम ६१५ बिगहा, ८६ कठ्ठा खेती नष्ट गरिएको विवरण रहेको छ । आ.ब. २०७९/०८० को जेठ मसान्तसम्ममा लागू औषध गाँजा १४६ बिगहा, १९ कठ्ठा र अफीम २२४ बिगहा, ३ कठ्ठा खेती नष्ट रहेको देखिन्छ । लागू औषध खेती नष्टको १० बर्षको जम्मा विवरण हेर्ने हो भने यो आर्थिक बर्ष भएका लागू औषध खेती नष्ट लगभग गाँजा खेतीको ३.६ ५ र अफीमको ३६.५२५ हुन आउछ ।

यस्तै, बरामद लागू औषध तथा मानिस पक्राउ सम्बन्धी विवरण अनुसार विगत ३ बर्षमा लागू औषधमा गाँजा, डाईजोपाम, फेनारगन र नुफिन एम्पुलको कारोबार बृद्धि भएको पाइन्छ । मुद्धा दर्ता विवरणमा आ.ब. २०७७/०७८ मा ९९, आ.ब. २०७८/०७९ मा १४९ र आ.ब. २०७९/०८० मा १३३ रहेको अवस्था छ। पक्राउ मानिसको आधारमा यो आर्थिक वर्ष महिला १५ र भारतीय नागरिकको सङ्ख्या १९ जना रहेका छन्, जुन विगत तीन बर्षको तथ्याङ्कमा बढी सङ्ख्या हो । मकवानपुर जिल्ला अदालतको दैनिक पेशी सूचिलाई आधार मान्ने हो भने दैनिकनै लागू औषधसम्बन्धी मुद्धा पेशी सूचिमा रहेको देखिन्छ । प्रत्येक बर्ष जम्मा मुद्धा दर्ताको आधारमा सरदर कम्तिमा ३ ५ बालबालिकाहरु लागू औषधसम्बन्धी दुर्व्यसन र कारोबारमा रहेको देखिन्छ ।

खैरो हेरोइनको लागि झापा, कञ्चनपुर, धनगढी ‘हट स्पट’ रहेझै मकवानपुर र पर्सा गाँजाको ‘हट स्पट’ हो । मकवानपुर जिल्लाको भौगोलिक बनौटसमेतका कारण लागू औषधको दुर्व्यसन र तस्करीको स्थिति भयावह रुपमा रहनु एक प्रमुख कारण हो ।

### निश्कर्ष

हरेक वर्षको जुन २६ तारिखलाई अन्तर्राष्ट्रिय लागू पदार्थ तथा अवैध तस्करी विरुद्ध दिवसका रुपमा मनाउने निर्णय संयुक्त राष्ट्र संघको सन् १९८७ को घोषणापत्रको ४२ को ११२ खण्डमा उल्लेख गरिएको रहेछ । यस दिनको एउटामात्र उदेश्य भनेको विश्व समुदायलाई लागू औषधको असर र कारोवारवाट मुक्त गराउनु हो ।

यस सन्दर्भमा राज्य पक्ष, प्रहरी प्रशासन, सामाजिक अभियन्ता, कानुनी सरोकारवाला पक्षहरु, समाज र ब्यक्तिहरुबाट भए गरेका कार्यहरु उल्लेख्य रहेको छ । तरपनि लागू औषधको तस्करी र दुर्व्यसनको भयावह स्थिति र थप भएका नयाँ नयाँ चुनौतिहरुका कारण सुक्ष्म रुपमा समस्याको जड पहिचान गरी प्रभावकारी रणनिति र कार्यदिशा, स्रोत र साधनको सम्पन्नतासहित अझ शसक्त तवरले लागिपर्नु आजको आवश्यकता हो ।

*(निवर्तमान अध्यक्ष, जिल्ला अदालत बार एशोसिएशन मकवानपुर)*

# किशोरीहरू आफ्नो समस्या भन्नसक्ने बनेका छन्

झण्डै अढाई दशकदेखि महिला र बालबालिकाको क्षेत्रमा क्रियाशील गैरसरकारी संस्था अस्मिता नेपाल मकवानपुरले पछिल्लो समय राक्सिराङ गाउँपालिकामा महिला हिंसा न्यूनीकरण तथा बालविवाह न्यूनीकरणका लागि कार्यक्रम गरिरहेको छ । मकवानपुर जिल्लामा बालविवाह धेरै हुने गरेको सन्दर्भमा संस्थाले सञ्चालन गरिरहेको बालविवाह न्यूनीकरणसम्बन्धी कार्यक्रमको सेरोफेरोमा रहेर अस्मिता नेपाल मकवानपुरकी अध्यक्ष आरती पाठकसँग गरिएको कुराकानी:



**आरती पाठक**
**अध्यक्षः अस्मिता नेपाल मकवानपुर**

*समाजः अहिलेसम्म अस्मिता नेपालले के कस्ता कार्यक्रमहरु सम्पन्न गर्‍यो ?*
**पाठक**: अस्मिता नेपाल वि.सं. २०५५ सालमा स्थापना भएको हो । यस संस्थाले महिला तथा बालबालिकाको अधिकारको बारेमा आवाज उठाउने गर्छ । हामीले प्लान्ट इन्टरनेशनलसँगको सहकार्यमा दुर्गम स्थानीय पालिकाको महिलाको आर्थिक सशक्तिकरण, महिला अधिकार, बाल अधिकारको कुरालाई उठाउने गर्छौं । हामी चार वर्षदेखि मकवानपुरको राक्सिराङ गाउँपालिकामा हुने बालविवाह न्यूनीकरण, महिला हिंसा न्यूनीकरणका लागि कार्यक्रमहरु गर्दै आएका छौं । विभिन्न अध्ययनले निकालेको तथ्याङ्कअनुसार यस गाउँपालिकामा तामाङ, चेपाङ समुदायहरुको बहुल्यता रहेको छ । यस समुदायका बालबालिकाहरु ५ कक्षासम्म स्थानीय विद्यालयमा अध्ययन गर्ने र थप अध्ययनका लागि २/३ घण्टाको लामो बाटो हिँडेर जानुपर्ने कारणले गर्दा विद्यालय समयसम्म नबस्ने, पढाई छोड्ने र सानो उमेरमा नै बालविवाह गर्ने गरेको पाइएको छ । हामीले यस पालिकाको वडाहरुसँग समन्वयन गरेर बालविवाह न्यूनीकरणसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु गर्दै आएका छौं ।

*समाजः यो कार्यक्रममा कस्ता क्रियाकलापहरु हुन्छ, जसले गर्दा बालविवाह न्यूनीकरण गर्न सहज हुन्छ ?*
**पाठक**: हामीले बालबालिकाहरुलाई अभिमुखीकरण कार्यक्रम राखेर बालविवाह भनेको के हो, बालविवाह कसरी हुन्छ, बालविवाह गर्दा के के असर हुन्छ, भनेर बुझाउँछौं । यस्तो काम बालबालिकाहरुको समस्यामात्रै नभई अभिभावकको मुख्य जिम्मेवारी हुने भएकाले अभिभावकहरु भेला गराई सचेतनामूलक कार्यक्रम राख्यौं । स्थानीय वडाका सदस्यहरु आफैं सहजकर्ता बनेर बालविवाह गर्न हुँदैन भनी सचेतना जगाउनुभएको छ । किशोरीहरुले विवाह गर्न नमानेको खण्डमा हुनसक्ने विभिन्न आक्रमणबाट बच्नका लागि हामीले आत्मरक्षा तालिम दिएर उनीहरुलाई ऊर्जा थप्ने काम गर्‍यौं । विद्यालयका शिक्षकहरुले के कस्ता कुरामा सहयोग गर्न सकिन्छ भनेर अभिमुखीकरण कार्यक्रम राख्यौं । स्थानीय जनप्रतिनिधिहरुको बालविवाह न्यूनीकरणमा के कस्तो भूमिका हुन सक्छन्, किशोरीहरुको समस्यालाई कसरी समाधान गर्न सकिन्छ भनी छलफल गर्‍यौं । किशोरीहरुले आफूलाई परेको समस्या र आवश्यक परेको कुरालाई अभिभावक, विद्यालयको शिक्षक, स्थानीय जनप्रतिनिधिलाई भन्न सक्ने बनाएका छैं । हामीले चोकचोकमा विज्ञापनमूलक होडिङबोर्ड राख्ने र बालविवाह न्यूनीकरणसम्बन्धी लेखलाई घरमा लगेर टाँस्ने गरेका छौं ।

*समाजः बालविवाह न्यूनीकरणको क्षेत्रमा यो कार्यक्रम तपाईलाई कति प्रभावकारी लागेको छ ?*
**पाठक**: अस्मिता नेपालले गरेको यो कार्यक्रम निकै प्रभावकरी भएको छ । यसै अभियानअन्तर्गत् रहेर हामीले बनाएको अभिभावक समूहको अध्यक्ष नै त्यहाँको वर्तमान जनप्रतिनिधि हुनुभएका कारण उहाँले बालविवाह न्यूनीकरणको क्षेत्रमा कदम चाल्नुभएको छ । प्राविसम्म मात्र पठनपाठन हुने विद्यालयलाई मावि बनाउनुभएको छ । त्यस्तै हामीले बनाएको किशोर तथा किशोरी समूहमा संलग्न भाइबहिनीहरुले पनि २० वर्षपछि मात्रै विवाह गर्ने गरेका छन् । उनीहरुले नै गाउँटोलका साथीभाइलाई २० वर्षभन्दा अगाडि विवाह गर्न हुँदैन भनेर सम्झाउन सक्ने भएका छन् । यसरी हेर्दा यो कार्यक्रम उपलब्धिमूलक छ ।

*समाजः बालविवाह न्यूनीकरण गर्न कुन-कुन निकाय बढी जिम्मेवार हुनुपर्छ ?*
**पाठक**: बालविवाह न्यूनीकरणका लागि सबैभन्दा पहिले अभिभावक जिम्मेवार हुनुपर्दछ । अभिभावकले आफ्नो भूमिका निभाएर बालबालिकालाई परिपक्व भइसकेपछि मात्र विवाह गर्न प्रोत्साहन गर्न सक्नुपर्छ । त्यसपछि यो विषयमा विद्यालय, स्थानीय सरकार, गैरसरकारी संस्था र बालबालिका आफैं जिम्मेवारी हुनु पर्दछ । बालबालिकाले धेरै समय विद्यालयमा बिताउनुपर्ने भएकाले शिक्षकहरुले बालविवाहबाट हुने असरका बारेमा विद्यार्थीलाई बुझाउनु पर्दछ । त्यस्तै स्थानीय सरकारले नीतिनियम निर्माण गरी कार्यान्वयन गर्न सक्नुपर्छ । स्थानीय सरकारले बनाएको नीतिनियमका आधारमा गैरसरकारी संस्थाहरुले अभिभावक, विद्यालय, स्थानीय सरकारसँग समन्वयन गरेर अभिमुखीकरण कार्यक्रमहरु गरी अगाडि बढ्नु पर्दछ ।

*समाजः अस्मिता नेपालको यो अभियानको समयावधि अब एक वर्षमात्र बाँकी छ, यो अवधिमा के कस्ता काम गरिसक्ने योजना रहेको छ ?*
**पाठक**: अस्मिता नेपालले अर्को वर्ष बालविवाहसम्बन्धी सन्देशमूलक कार्यक्रम रेडियो, टेलिभिजनमार्फत् प्रसरण गर्ने, बालबालिका, अभिभावक र सम्बन्धित सबैका लागि अभिमुखीकरण कार्यक्रम गर्ने, बालबालिकालाई अतिरिक्त क्रियाकलापहरु गर्न लगाउने लगायतका बालबालिकाको क्षेत्रमा काम गर्दैछ ।

## दरभाउ आब्हान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित सुचना २०८०/०३/१३)*

**सुचना नम्बरः- ००३**

यस दिगो विकासका लागि एकता नेपालले LiScha Himalaya E.V. को आर्थिक सहयोगमा सञ्चालित "शिक्षा तथा स्वास्थ्य सहयोग कार्यक्रम II" अन्तर्गत आवश्यक पर्ने तपशिल बमोजिमको सामग्रीहरू प्रथमपटक प्रकाशित सूचनाको व्यहोराअनुसार सार्वजनिक खरिद ऐन २०६३ बमोजिम ईजाजत प्राप्त व्यापारिक कम्पनि/फर्मलाई गत आर्थिक वर्षको व्यापारिक करचुक्ता गरेको प्रमाणपत्रसहित रितपूर्वक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरुः-**

क. बोलपत्र संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिने छ । बोलपत्र निर्धारित ढाँचामा, बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रीतपूर्वक सहीछाप तथा सिलबन्दी गरी बोलपत्रदाता आफैंले वा आफ्नो प्रतिनिधीमार्फत वा हुलाक वा कुरियर मार्फत बोलपत्र पेश गर्नुपर्ने स्थानमा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै पेश गर्नु पर्नेछ वा आईपुग्नु पर्नेछ । सो समयभित्र आई नपुगेको निवेदनउपर कुनै पनि कारबारी गरिने छैन । सूचनामा माग गरिएका सामग्रीहरुको नमुना कार्यालयले उपलब्ध गराउनेछ ।
ख. यसमा उल्लेख नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।
ग. रीतपूर्वक दरभाउपत्र नआएमा वा अन्य कुनै व्यहोरा परेमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयलाई नै हुनेछ ।
घ. दरभाउपत्र पेश गर्ने अन्तिम मिति २०८०/०३/१९ गते दिनको १:०० बजेसम्म र खोल्ने मिति सोही दिनको २:३० बजे हुनेछ ।
ङ. छनौट हुने आपूर्तिकर्ताले संस्थाको शाखा कार्यालय राप्ती-१, महादेवटारमा निर्धारित समयमा निर्धारित परिमाणमा आपूर्ती दिनुपर्नेछ ।
च. यस आपूर्ती सम्बन्धी अन्य जानकारीका लागि कार्यालयको फोन ९७४२५५९७०४, राप्ती-१, महादेवटार, चितवनमा सम्पर्क गर्न सकिनेछ ।

**तपशिलः-**

| क्र.स. | ठेक्का नम्बर | सामानको विवरण | बोलपत्र बापत दस्तुर |
|---|---|---|---|
| १. | ००३- ०१-२०७९/०८० | विद्यालय पोशाकको कपडा | रु. १,०००/- |
| २. | ००३- ०२-२०७९/०८० | स्कुल ब्याग | रु. १,०००/- |
| ३. | ००३- ०३-२०७९/०८० | चप्पल | रु. १,०००/- |
| ४. | ००३- ०४-२०७९/०८० | न्यानो आउने उलनको कपडा | रु. १,०००/- |
| ५. | ००३- ०५-२०७९/०८० | फ्लिस ज्याकेट | रु. १,०००/- |
| ६. | ००३- ०६-२०७९/०८० | निलो रङको विभिन्न साइजको स्विटर | रु. १,०००/- |
| ७. | ००३- ०७-२०७९/०८० | मकैको बीउ CP 808 | रु. १,०००/- |
| ८. | ००३- ०८-२०७९/०८० | पिँडालुको बीउ- हात्तीपाउ | रु. १,०००/- |
| ९. | ००३- ०९-२०७९/०८० | रसायनिक मल र कीटनाशकहरू | रु. १,०००/- |
| १०. | ००३- १०-२०७९/०८० | अदुवाको बीउ- बोसे | रु. १,०००/- |
| ११. | ००३- ११-२०७९/०८० | धानको बीउ US 312 | रु. १,०००/- |
| १२. | ००३- १२-२०७९/०८० | गहुँको बीउ | रु. १,०००/- |
| १३. | ००३- १३-२०७९/०८० | बेमौसमी तरकारीखेतीका लागि प्लास्टिक टनेल निर्माण गर्न आवश्यक सामग्रीहरु | रु. १,०००/- |
| १४. | ००३- १४-२०७९/०८० | व्यक्तिगत स्वास्थ्य र स्वच्छता प्रवर्द्धन कार्यका लागि आवश्यक सामग्रीहरु | रु. १,०००/- |
| १५. | ००३- १५-२०७९/०८० | औषधी तथा स्वास्थ्य उपकरणहरु | रु. १,०००/- |
| १६. | ००३- १६-२०७९/०८० | खाजा तथा खानाका लागि आवश्यक खाद्यान्न तथा अन्य सामग्रीहरु | रु. १,०००/- |
| १७. | ००३- १७-२०७९/०८० | स्टेशनरी तथा अन्य सामग्री | रु. १,०००/- |
| १८. | ००३- १८-२०७९/०८० | हिउँदे तरकारीको बीउ | रु. १,०००/- |

समृद्ध समाज
राष्ट्रिय
दैनिक
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
www.samriddhasamaj.com.np

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सुचना

- भाँडामा चल्ने सवारी साधनको प्रत्येक ६–६ महिनामा सवारीको भौतिक अवस्था परीक्षण गरी यातायात व्यवस्था कार्यालबाट जाँचपास प्रमाण–लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नवीकरण गर्दा यस प्रदेशबाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेका प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नवीकरण गर्नको लागी सो को अभिलेख online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमति पत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपी सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाँडामा चल्ने सवारी साधनहरुले बाटो ईजाजत–पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुबाट लिने र समयमै नवीकरण गर्ने गरौं ।
- समयमै कर तिरौं, जरिवानाबाट बचौं ।

## डेस्कटप डिजाइनर चाहियो

हेटौंडा-२, मानसचोकस्थित एक डेस्कटप सेवा सञ्चालन गर्दै आएको कम्पनिलाई डेस्कटप डिजाइनर आवश्यक भएकोले इच्छुक योग्य व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला । फोटोशप चलाउन जान्ने । दश जोड दुई तह अध्ययनरत विद्यार्थीलाई प्राथमिकता दिइनेछ ।



**तलब**: आपसी समझदारीमा तय गरिनेछ । सम्पर्क: ९८४८७०८७८०

## गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

**QRL (Qualified Reference Lab)**

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क**
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

इन्द्रसरोवर गाउँपालिका भएर बग्ने सुकौरा खोला, कुलेखानी खोला (कल्लेरी देखि डोडारे, डोडारे देखि वडा नं. २ को सिमानासम्म तथा शेराको बगरक्षेत्र, ह्वाङ्ह्वाङ् दुलो, कोल्चौर, कुन्टार) बाट दिगो तथा वातावरणमैत्री ढंगले नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/सङ्कलन कार्यको लागि
प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको लागि

## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

*(सूचना प्रकाशित मिति : २०८०/०३/१३ गते)*

श्री इन्द्रसरोवर गाउँकार्यपालिकाको कार्यालय कुलेखानी, मकवानपुर, प्रस्तावक रहेको इन्द्रसरोवर गाउँपालिका भएर बग्ने सुकौरा खोला, कुलेखानी खोला (कल्लेरी देखि डोडारे, डोडारेदेखि वडा नं. २ को सिमानासम्म तथा शेराको बगरक्षेत्र, ह्वाङ्ह्वाङ् दुलो, कोल्चौर, कुन्टार) बाट दिगो तथा वातावरणमैत्री ढंगले नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/सङ्कलन कार्य, बाग्मती प्रदेश, अन्तर्गत मकवानपुर जिल्लाको इन्द्रसरोवर गाउँपालिका, वडा नं. १, २ र घ मा गरिनेछ । प्रस्तावित कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन गर्ने सिलसिलामा उक्त गाउँपालिकाका स्थानीय जनसमुदायका साथै सम्पुर्ण सरोकारवालाहरुलाई निम्न मिति, स्थान र समयमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई, राय, सल्लह तथा सुझाव प्रदान गरिदिनहुन सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः**
मिति: २०८०/०३/१४ (बिहीबार)
समय: बिहान ११:०० बजे
स्थान: इन्द्रसरोवर गाउँपालिकाको कार्यालय

**आयोजकः**
**इन्द्रसरोवर गाउँपालिका**
**कुलेखानी, मकवानपुर, बाग्मती प्रदेश, नेपाल**
**ईमेल**: info.indrasrowar@gmail.com

## शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/०३/१३ गते)*

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर, हेटौंडाको प.सं. २०७९/०८० च.नं. १६२९ मिति २०८०/०३/१० गतेको अनुमति अनुसार यस विद्यालयमा रिक्त निमावि राहत, तृतीय श्रेणी, सामाजिक र गणित विषय शिक्षक पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

**विज्ञापन नं. १/२०७९/०८०**
पद: शिक्षक
माग संख्या: २ (दुई)
सेवाको प्रकार: राहत
न्यूनतम शैक्षिक योग्यता: मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाण-पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी निमावि तहको अध्यापन अनुमति-पत्र प्राप्त ।
उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलब तथा अन्य सेवा सुविधा नेपाल सरकारको नियमानुसार
छनौटको किसिम: शिक्षक सेवा आयोग नियमानुसार ।
परीक्षा दस्तुर: रु. १५००/-
दरखास्त दिने अन्तिम मिति: शिक्षक सेवा आयोगको सम्बन्धित तह र विषयको करार सूचीमा रहेकाहरुका लागि सात (७) दिन सम्म मात्र र खुल्लाका लागि २०८० असार २७ गते कार्यालय समय भित्र ।
सम्पर्क मिति: २०८० असार २८ गते बिहान ११:०० बजे ।
परीक्षाको मिति: सम्पर्क मितिमा तोकिनेछ ।
आवश्यक कागजात: नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको स्वः प्रमाणित प्रतिलिपी । स्वः हस्तलिखित दरखास्त परीक्षा दस्तुर बुझाएको विद्यालयको नगदी रसिद ।

**नोटः-**
१) शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुलाई दरखास्त पेश हुन आएमा करार सूचीको योग्यताक्रमको आधारमा नियुक्ति प्रदान गरिनेछ ।
२) तोकिएको समयमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुको आवेदन पर्न नआएमा मात्र खुल्ला उम्मेद्वारले दरखास्त दिन सक्नेछ ।

**श्री व्यास माध्यमिक विद्यालय**
**कैलाश-६, मकवानपुर**
**सम्पर्क: प्रधानाध्यापक ९८५५०७०८७३, अध्यक्ष ९८५५०७७९३१**

# विद्यार्थीलाई जीवनोपयोगी सीपबारे प्रशिक्षण



समाज संवाददाता

हेटौंडाः पालुङ जेसीजको आयोजनामा थाहा नगरपालिकाका माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई जीवनोपयोगी सीपका साथै अध्ययनमा केन्द्रित हुने उपायहरुका बारेमा एकदिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । मंगलबार थाहा नगरको जनकल्याण माध्यमिक विद्यालयको सहकार्यमा भएको उक्त कार्यक्रम जेसीज हलमा आयोजना गरिएको थियो ।

कार्यक्रममा जनकल्याण मावि पालुङ, पालुङ मोर्डन इङ्लिस मिडियम स्कूल, पालुङ भ्याली हार्ट एकेडेमी, झम्केश्वरी मावि र हिमालयन इङ्लिस सेकेन्डरी बोर्डिङ स्कूलका ३ सय ८५ जना विद्यार्थीको सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल जेसीजका निरुपित राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष रजनी थापाले सहजीकरण गर्नुभएको थियो ।

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई जीवनोपयोगी सीपका साथै अध्ययनमा केन्द्रित गराउनका लागि कार्यक्रमको आयोजना गरिएको पालुङ जेसीज वर्ष २०२३ का कोषाध्यक्ष माधव कार्कीले बताउनुभयो । कार्यक्रम पालुङ जेसीज वर्ष २०२३ का उपाध्यक्ष अजय कार्कीको संयोजकत्वमा भएको थियो ।

पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष संगम कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख तथा पालुङ जेसीज वर्ष २००८ का अध्यक्ष भरत गोपालीको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा नेपाल जेसीजका निरुपित राष्ट्रिय उपाध्यक्ष सोनी श्रेष्ठ, पालुङ जेसीजका पूर्वअध्यक्षहरु सानोभाइ कार्की, सुरेन्द्रमान प्रधान, धर्मलाल प्रधान, मनोज रायमाझी, हिमालयन इङ्लिस सेकेन्डरी बोर्डिङ स्कूलका प्रिन्सिपल बाबुलाल कार्कीलगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा पालुङ जेसीजका कोषाध्यक्ष माधव कार्की, कार्यकारिणी उपाध्यक्ष दीपा बल, उपाध्यक्ष अजित कार्कीलगायत पदाधिकारीहरुको उपस्थिति रहेको थियो । पालुङ जेसीज वर्ष २०२३ का महासचिव सञ्जय गोपालीले सञ्चालन गर्नुभएको कार्यक्रममा कानुनी सल्लाहकार निरज रायमाझीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सोही अवसरमा सातौं एसियन गोजुरियो कराँते प्रतियोगितामा थाहा नगरपालिकाबाट सहभागी भई ५ स्वर्ण, २ रजत र २ कास्य पदक बिजेता खेलाडी र प्रशिक्षक तथा निर्णायक मानसिङ दोङलाई सम्मानसमेत गरिएको थियो ।

## हेटौंडा अस्पतालमा...

केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ र नेफ्रोलोजिष्ट डा. सुरेश महर्जनले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै कार्यकारी निर्देशक डा. श्रेष्ठले नेपालमा ब्रेनडेथ भएका व्यक्तिहरुको अंग प्रयोग गर्नसके हजारौंले पुनर्जीवन पाउने बताउनुभयो ।

उहाँले नेपालमा वार्षिक १ हजार जनाको ब्रेनडेथ हुने गरेको अनुमानित तथ्यांक रहेको बताउँदै वार्षिक ८ हजार जनाको मिर्गौला र कलेजो प्रत्यारोपण गर्न सकिने अवस्था रहेको बताउनुभयो । तर, जनचेतनाको कमीका कारण खेर जाने ८ हजार अंगको उपयोग गर्न नसकिएको र हालसम्म नेपालमा जम्मा ५ ब्रेनडेथ भएका व्यक्तिको अंग उपयोग भएको बताउनुभयो ।

अंगदानबारे खासै नबुझ्कै कारण ब्रेनडेथ भएका व्यक्तिको अंगदानको सवाल निकै जटिल र चुनौतीपूर्ण बनेको बताउनुभयो । उहाँले हालसम्म केन्द्रमा १ हजार ७८ जनाको मिर्गौला प्रत्यारोपण भएको र सबै प्रत्यारोपण शतप्रतिशत सफल भएको बताउनुभयो । सरकारले मिर्गौला प्रत्यारोपण र डाइलाइसिस दुबै सेवा निःशुल्क दिँदै आएको छ ।

बिरामीको जीवन गुणस्तर राख्न डाइलाइसिसभन्दा प्रत्यारोपण नै उत्तम विकल्प रहेको भएपनि अंग अभावमा यसो हुन नसकिरहेको उहाँले बताउनुभयो । प्रत्यारोपणलाई बढावा दिन अंगदान अभियानमा सबैको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले सातै प्रदेशमा प्रत्यारोपण सेवा विस्तारका लागि जनशक्ति, पूर्वाधार, उपकरण विकासको काममा केन्द्र लागिरहेको बताउनुभयो ।

कार्यक्रममा नेफ्रोलोजिष्ट डा. सुरेश साहले विदेशमा ८० प्रतिशत अंग प्रत्यारोपण मस्तिष्कमृत्यु भएका व्यक्तिहरुको अंगबाट हुने गरेको बताउनुभयो । जीवित व्यक्तिको शरीरबाट अंग झिकेर प्रत्यारोपण गर्नुभन्दा मस्तिष्क मृत्यु भएकाहरुको अंग प्रत्यारोपण गर्दा जोखिम कम हुने भएकाले पनि मस्तिष्क मृत्यु भएकाहरुको अंग उपयोग गर्नेतर्फ जोड दिनुभयो । ब्रेनडेथ भएका व्यक्तिको अंग अर्को जीवित व्यक्तिमा प्रत्यारोपण गर्न सकिन्छ भन्ने कुरा स्वास्थ्यकर्मीहरुलाई समेत थाहा नभएको अवस्था हालको रहेको उहाँले बताउनुभयो ।

नेपालमा वर्षेनि ३ हजार जनाको मिर्गौला र १ हजार जनाको कलेजो फेल हुने गरेको तथ्यांक रहेको छ । मस्तिष्क मृत्यु भएका एक व्यक्तिको ८ वटा अंग जीवित व्यक्तिमा प्रत्यारोपण गर्न सकिने भएपनि नेपालमा कलेजो र मिर्गौला प्रत्यारोपणमात्रै भइरहेको छ ।

# हेटौंडाका माछा भारत निर्यात हुँदै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडामा उत्पादन गरिएका विभिन्न विकासे जातका माछाका भूरा छिमेकी देश भारतमा निर्यात हुँदै आइरहेको छ । नेपालसँगको सीमा क्षेत्रका भारतीय किसानले माछाका भूरा लाने गरेको प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाले जनाएको छ ।

बारा, पर्सा र रौतहटका किसानमार्फत् राम्रो नश्लका सो भूरा माछा लाने गरिएको हो । करिब १० लाखभन्दा बढी माछाका भूरा भारतमा लाने गरेका छन् । चालु आर्थिक वर्ष असार १० गतेसम्म चार करोड ३५ लाखभन्दा बढी ठूला भुरा माछा उत्पादन गरेर बिक्री वितरण गरिएको प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाका प्रमुख सरोज यादवले जानकारी दिनुभयो ।

किसानको माग बढ्दै गएपछि विगतको तुलनामा माछाको उत्पादनसमेत बढेको उहाँको भनाइ छ । न्यानो पानीमा फस्टाउने सरकारी स्तरबाट सिफारिश गरिएका विभिन्न स्वदेशी माछाहरु, रहु, नैनी, माउर तथा विदेशी माछाहरु कमन कार्प, सिल्भर कार्प, विगहेड कार्प, ग्रप्स कार्प गरी जम्मा सात जातका भूरा माछा उत्पादन गरी विभिन्न जिल्लाका माछा किसानलाई बिक्री वितरण गरिएको उहाँले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०७६/०७७ देखि हालसम्म वार्षिक ५ लाख रुपैयाँभन्दा बढी राजश्व आम्दानी भइरहेको छ । चालु आर्थिक वर्ष ३१ लाख भन्दा बढी रकमको माछा बिक्री वितरण गरिएको उहाँले जानकारी दिनुभयो । मकवानपुर, चितवनदेखि २२ वटा जिल्लामा माछा बिक्री वितरण गर्ने गरिएको उहाँले बताउनुभयो ।

# माउरको भूरासहित एक भारतीय पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले माउर माछाको भूरासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतका ३६ वर्षीय पुरन चौधरी रहेको जिल्ला प्रहरी कार्यालय मकवनपुरले जनाएको छ ।

सोमबार साँझ ८ बजेको समयमा प्रहरीले हेटौंडा-१५, रातोमाटे चेक प्वाइन्टबाट चौधरीलाई नियन्त्रणमा लिएको हो । चौधरीले काकरभिट्टाबाट बनेपा जाँदै गरेको बागमती प्रदेश ०१-००६ ख ५२३८ नम्बरको बसमा लुकाइछिपाई १२ वटा ड्रममा ल्याएको ८० किलो माउर माछाको भूरा प्रहरीले फेला पारी बरामद गरेको हो ।

बरामद गरिएको माछाको भूराको मूल्य २४ हजार रुपैयाँ पर्ने प्रहरीले जनाएको छ । नेपालमा भारतबाट माउर माछा ल्याउन प्रतिबन्ध लगाइएको छ । माछाको भूरासहित चौधरीलाई नियन्त्रणमा लिएर बसलाई गन्तव्यतर्फ पठाइएको प्रहरीले जानकारी दिएको छ ।

# गाँजासहित भैंसेबाट ३ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध गाँजा, गाँजा बोक्न प्रयोग गरिएको कारसहित ३ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा हेटौंडा-१४ का ३१ वर्षीय रामबहादुर गोले, कारमा सवार ३८ वर्षीय सुकराम लोप्चन र ४० वर्षीय वीरबहादुर मोक्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मंगलबार प्रहरीले भीमफेदी-२, भैंसे चेकपोष्टमा सवारी साधनहरु रोकी सुरक्षा जाँच गर्ने क्रममा भैंसेबाट हेटौंडा बजार तर्फ आउँदै गरेको बा १२ च ५६४९ नम्बरको कारबाट लागूऔषध गाँजा फेला पारेको थियो । प्रहरीले कारको पछाडि डिक्कीभित्र फल्स बटम बनाई लुकाईछिपाई ल्याएको अवस्थामा ७ केजी ९ सय ग्राम लागूऔषध गाँजा फेला पारेको हो । लागूऔषध र कारसहित उनीहलाई पक्राउ गरी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# शैक्षिक उत्कृष्टता कायम राख्ने योजना

समाज संवाददाता

हेटौंडाः हेटौंडा-५ स्थित जीएस निकेतनले चालु शैक्षिक सत्र २०८० मा नगरको अन्य विद्यालयभन्दा भिन्न नीति नियम र गतिविधि तय गरेको छ । विशेषगरी यस वर्ष जीएसले विद्यार्थी, अभिभावक र विद्यालयको आन्तरिक समन्वय र सम्बन्धलाई अग्रता दिने योजना बनाएको छ ।

विद्यालयले पूर्वनिर्धारित शैक्षिक तालिकाअनुसार नियमित पठनपाठनसँगै अतिरिक्त क्रियाकलाप र हरेक महिनाको अन्तिममा अभिभावकसँग सम्बन्धित विद्यार्थीको विषयमा अन्तर्वार्ता हुने विद्यालयका प्रधानाध्यापक ईश्वरप्रसाद लामिछानेले बताउनुभयो । नयाँ योजनाअनुसार विद्यालयले हरेक विद्यार्थीलाई घरमा दैनिक विद्यार्थी मूल्यांकन फारम पठाउँदै आएको छ, जसले हरेक विद्यार्थीको दैनिक क्रियाकलापको रेकर्ड राखेर सोहीअनुसार पठनपाठन गराइने गरेको छ ।

विद्यार्थीको गुण मूल्याकंनअघि शिक्षक नियुक्तिमा विशेष ध्यान दिई योग्य शिक्षक चयन गरिने गरेको बताइएको छ । नगरको अन्य विद्यालयको तुलनामा जीएस सबैभन्दा अब्बल र उत्कृष्ट रहेको प्रधानाध्यापक लामिछानेले दाबी गर्नुभयो । हाल विद्यालयमा विषयगत प्रयोगशाला बनाउने तयारी र स्तरीय बालउद्यान निर्माणको प्रक्रिया अघि बढेको छ । ६ सय अभिभावकको स्वामित्व जोडिएको र समन्वयमा चलेको विद्यालय भएका कारण कुनै-कुनै निर्णयमा ढिलासुस्ती हुने गरेको प्रधानाध्यापक लामिछानेले जानकारी दिनुभयो । विद्यालयका प्रत्येक शिक्षकले विद्यार्थीको अभिभावकत्व निभाउने र शैक्षिक उत्कृष्टता कायम राखी प्रविधिको नजिक रहेर शिक्षण बिधि अझ सुधार गरी अघि बढ्दै जाने विद्यालयको उद्देश्य रहेको बताइएको छ ।

# ३८ बोतल वनरेक्ससहित रिमाल पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले लागूऔषध वनरेक्ससहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१४, नयाँबस्तीका ३५ वर्षीय अर्पण रिमाल रहेको जिल्ला प्रहरी कार्यालय मकवनपुरले जनाएको छ ।

सोमबार प्रहरीले नयाँबस्तीमा ना ६ प २३२८ नम्बरको मोटरसाइकललाई शंका लागि सुरक्षजाँच गर्दा मोटरसाइकलमा पछाडी सवार रिमालको साथबाट लागूऔषध वनरेक्स ३८ बोतल बरामद गरेको हो । मोटरसाइकल चालक मोटरसाइकल छोडी फरार भएको प्रहरीले जनाएको छ । रिमाललाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# अबैध कपडा तथा चकलेट बरामद

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले भन्सार छली ल्याएको अबैध कपडा तथा चकलेटहरु बरामद गरेको छ । मंगलबार दिउँसो २ बजेको समयमा प्रहरी चौकी रातोमाटे मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१५, रातोमाटे चेकपोष्टबाट बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

प्रहरीले काँकडभित्ताबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश १-०२-००१ ख ९७५७ नम्बरको यात्रुबाहक बसलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा बसको पछाडि डिक्कीभित्र भन्सार छली ल्याएको अबैध लेडिज कुर्था सुरुवाल ४१ थान, किटक्याट ४८ प्याकेट र डेरिमिल्क ६७ प्याकेट बरामद गरेको छ । बरामद गरेको सामानको मूल्य एक लाख छयासी हजार नौ सय रुपैयाँ बराबर रहेको प्रहरीले जनाएको छ । बरामद भएको सामानलाई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया पठाउने तयारी भइरहेको प्रहरीको भनाइ छ ।


## हेटौंडा कृषि बजार

हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।



**सेवाहरु**

- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्धारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

**सम्पर्क**: ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९




## हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
- थाईराईड
- क्यान्सर
- रक्तअल्पता
- वाथरोग
- बाँझोपन
- भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




## स्वादिष्ट नेवारी खाजा



अब होटल बासुकला (फास्टफुड) मा

- स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
- नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ